# भ्रमण अघि नेपालबारे आवेदन आह्वान

नेपाल सरकारको निमन्त्रणामा चरम गरिबी र मानवअधिकारसम्बन्धी राष्ट्रसङ्घीय विशेष प्रतिवेदक ( UN Special Rapporteur on extreme poverty and human rights) ओलिभिए डे स्वतरले आगामी २२ नोभेम्बर देखि ३ डिसेम्बर, २०२१ मा नेपालको औपचारिक भ्रमण गर्नुहुँदैछ । उहाँको भ्रमणको उद्देश्य नेपालमा गरिबी नियन्त्रण र गरिबीमा रहेका व्यक्तिका अधिकारहरूको संरक्षण गर्ने प्रयासहरूको समीक्षा गर्नु रहेको छ । सो भ्रमणको तयारीमा सहयोग पुऱ्याउन विशेष प्रतिवेदकले नागरिक समाजका संस्था, अभियन्ता र प्राज्ञहरूसहित सबै इच्छुक व्यक्ति तथा संस्थाहरूका तर्फबाट तल सूचीकृत प्राथमिकताका विषयहरूमा सल्लाहसुझाव आह्वान गर्नुभएको छ ।

## विशेष प्रतिवेदक

विशेष प्रतिवेदक संयुक्त राष्ट्रसङ्घ मानवअधिकार परिषद्ले नियुक्त गर्ने स्वतन्त्र विज्ञ हो । मानवअधिकारसम्बन्धी विषयहरूमा जानकारी उपलब्ध गराउन राष्ट्रसङ्घीय स्वतन्त्र विज्ञहरूले राष्ट्रहरूको भ्रमण गर्ने गर्छन् । सामान्यतया दुई हप्ताको हुने भ्रमणमा विशेष प्रतिवेदक र गरिबीबाट प्रभावित व्यक्तिहरू, सार्वजनिक पदाधिकारी, संसदीय र न्यायिक निकायका सदस्यहरू, आधिकारिक संस्थाहरू, नागरिक समाजका संस्थाहरू र प्राज्ञहरूबीच बैठकहरू हुने गर्छन् । राष्ट्र भ्रमणको अन्त्यमा विशेष प्रतिवेदकले आफ्नो प्रारम्भिक निष्कर्षहरूबारे विस्तृत वक्तव्य जारी गर्छन् । त्यसपश्चात उनले जेनेभास्थित राष्ट्रसङ्घीय मानवअधिकार परिषद्मा अन्तिम प्रतिवेदन प्रस्तुत गर्छन् । प्रतिवेदनले मानवअधिकार परिषद् र मानवअधिकारसम्बन्धी अन्य सन्धि निकायहरूबाट हुने विश्वव्यापी आवधिक समीक्षा (युपिआर)मा देशको समीक्षासहित अन्य कार्यविधिहरूलाई सुसूचित गर्ने काम गर्दछ ।

विशेष प्रतिवेदक, ओलिभिएर डे स्वतर (Olivier De Schutter) बेल्जियमस्थित *युनिभर्सिटे क्याथोलिक डे लुभाँ* र फ्रान्सको पेरिसस्थित *पेरिस इन्स्चिटूट अफ पोलिटिकल साइन्स्*मा कानुनका प्राध्यापक हुनुहुन्छ र संयुक्त राष्ट्रसङ्घको स्वतन्त्र मानवअधिकार विशेषज्ञका रुपमा उहाँको लामो अनुभव छ । सन् २००८ देखि २०१४का बीच उहाँले खाद्य अधिकारसम्बन्धी विशेष प्रतिवेदकका रुपमा काम गर्नु भएको थियो । सन् २०१५-२०२० मा उहाँ राष्ट्रसङ्घीय आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार समितिको सदस्य हुनुहुन्थ्यो र त्यसपछि १ मे २०२० मा उहाँले चरम गरिबी र मानवअधिकारसम्बन्धी विशेष प्रतिवेदकको जिम्मेवारी बहन गर्नुभएको हो ।

## आवेदन आह्वान

सहभागीहरूलाई आफ्नो प्रतिक्रियालाई अधिकतम **२ हजार शब्दहरू**मा सीमित गर्न आग्रह गरिन्छ । प्रतिवेदन, प्राज्ञिक अध्ययनजस्ता सन्दर्भ सामग्री र अन्य पृष्ठभूमि सामग्रीलाई आवेदनसँगै अनुसूचीका रुपमा समावेश गर्न सकिनेछ ।

सबै आवेदनहरूलाई स्वागत गरिने र तल दिइएका प्रश्नहरू कुनै पनि अर्थमा पूर्ण नभएपनि, विशेष प्रतिवेदक देहाय अनुसारका शीर्षकहरूमा प्राप्त हुने प्रतिक्रियाहरूका लागि कृतज्ञ हुनुहुनेछ, जस्तैः

- नेपालमा गरिबी र असमानताको प्रकारसहित गरिबीको परिभाषा र मापन कसरी गरिएको छ, यसको व्याप्तता र यसको वितरण ।

- नागरिक तथा राजनीतिक अधिकारका साथै आर्थिक, सामाजिक र साँस्कृतिक अधिकारहरू जस्तै स्वास्थ्य, आवास, खाद्य, शिक्षा र सामाजिक सुरक्षाको अधिकारहरूमा गरिबीको प्रभाव ।
- विशेषगरी औपचारिक श्रमिक, ग्रामीण समुदाय, शरणार्थी र दर्ता नभएका/मान्यता प्राप्त नभएका नागरिकहरूको संरक्षणको दृष्टिकोणले गरिबी, असमानता र सामाजिक बहिष्करणलाई सम्बोधन गर्नमा विद्यमान सामाजिक सुरक्षा प्रणालीको सम्भावना र त्यसले सामना गरेका चुनौतीहरू ।
- सीमान्तीकृत समूहहरू जस्तैः दलित, महिला, अनागरिक, आदिवासी र धार्मिक अल्पसङ्ख्यकहरूका लागि समानता र सामाजिक समावेशीकरणका संवैधानिक प्रत्याभूतिहरूको कार्यान्वयनमा रहेका चुनौतीहरू ।
- विकास योजना निर्माण र कार्यान्वयनको विद्यमान शैली र त्यसमा आदिवासी र अन्य प्रभावित समूहरूको परामर्श र संलग्नताको अवस्था ।
- भूमि र आयआर्जनका क्रियाकलपाहरूमा आदिवासी तथा ग्रामीण समुदायहरूको पहुँच र स्वामित्व, गरिबी र असमानताका विद्यमान मुद्दाहरूमा त्यसको अन्तरसम्बन्धको प्रश्न ।
- पूर्व बँधुवा मजदुरहरूलाई मुक्त, पुनर्स्थापना र अर्थतन्त्रमा एकीकृत गर्ने विद्यमान प्रयासहरूको प्रभावकारिता र त्यसका चुनौतीहरू ।
- कोभिड-१९ ले गरिब र न्यून आय भएका समूहहरूमाथि पारेको सामाजिक तथा आर्थिक प्रभावहरू ।
- गरिबीका सम्बन्धमा वित्तीय खर्च, सार्वजनिक वित्त व्यवस्थापन र कर नीतिको भूमिका ।
- नेपाल भ्रमणका क्रममा विशेष प्रतिवेदकले भेट्नु पर्ने व्यक्ति र संस्थाहरू ।

आवेदनहरू srextremepoverty@ohchr.org मा **३० अक्टोबर २०२१** सम्म पठाउन सकिने छ । कृपया तपाईंहरूका आवेदनहरू इमेलमा एटेचमेन्टका रुपमा पठाउनु होला । सम्भव भएसम्म आवेदनहरू अङ्ग्रेजी, फ्रेन्च वा स्पेनिस भाषाहरूमा प्रोत्साहित गरिन्छ, किनभने अनुवादको क्षमता सीमित रहेको छ र ती भाषाहरूमा हुँदा विशेष प्रतिवेदक र उनका कर्मचारीहरूका लागि समीक्षा गर्न उल्लेखनीय रुपमा सहज हुनेछ ।

विशेष प्रतिवेदकको भ्रमणको अत्यमा ३ डिसेम्बर २०२१ मा विस्तृत समापन वक्तव्य जारी हुनेछ र जुन २०२२ मा राष्ट्रसङ्घीय मानवअधिकार परिषद्मा अन्तिम प्रतिवेदन प्रस्तुत हुनेछ ।

**प्राप्त सल्लाहसुझावहरूको निरुपण**

**आफ्नो आवेदनहरूलाई गोप्य राखिनुपर्ने आवेदक व्यक्ति र/वा संस्थाको आग्रह भएको अवस्थामा बाहेक सबै आवेदनहरूलाई हामी प्रकाशित गर्नेछौं ।** आफ्नो आवेदनमा विशेष प्रतिवेदकको वेबसाइटमा त्यसको सम्पूर्ण वा केही अंशहरूलाई हामीले प्रकाशित गर्न सक्छौं वा सक्दैनौं भन्ने कुरा पनि कृपया उल्लेख गर्नुहोला ।

यस्तो योगदानको तयारीका लागि गरिनुपर्ने प्रयासको उच्च प्रशंसा गर्दै सबै आवेदनहरू अध्ययन गर्ने पखाईमा विशेष प्रतिवेदक रहनुभएको छ ।

**सञ्चारमाध्यमका जिज्ञासाहरू**

नेपाल भ्रमणका बारेमा नियमित अद्यावधिक जानकारी विशेष प्रतिवेदकको वेबसाइटमा र उहाँको ट्विटर एकाउण्ट मार्फत गरिनेछ । भ्रमणका बारेमा थप जानकारी सहितको प्रेस विज्ञप्ति १५ नोभेम्बर २०२१ मा जारी गरिनेछ ।

विशेष प्रतिवेदकले काठमाडौंमा ३ डिसेम्बर २०२१ मा पत्रकार सम्मेलन गरी आफ्नो प्रारम्भिक निष्कर्षसहितको वक्तव्य जारी गर्नुहुनेछ । भ्रमण अघि र पछि सञ्चारमाध्यमसँग विशेष प्रतिवेदकको अन्तर्क्रिया भ्रमणको कार्यक्षेत्र, भएका बैठक र छलफल गरिएका विषयहरूमाथिको प्रतिक्रियामा सीमित हुनेछ । प्रेस सम्मेलन र त्यसपछि मात्र विशेष प्रतिवेदकले आफ्ना परिणाम र निष्कर्षहरूबारे प्रतिक्रिया जनाउन सक्नुहुनेछ ।

विशेष प्रतिवेदकको सञ्चारमाध्यमहरूको सूचीमा समावेश हुने लगायतका सञ्चारमाध्यमका जिज्ञासाहरू प्याट्रिसिया भारेलालाई (+41 22 928 9234 pvarela@ohchr.org ) र media@srpoverty.orgमा पठाउन सकिनेछ ।

ट्विटर : @DeSchutterO र @srpoverty

थप जानकारीका लागि, srextremepoverty@ohchr.org वा info@srpoverty.org मार्फत सम्पर्क गर्नुहोस् ।